
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस ११ गते बुधबार ❑ 27 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## कृषि तथा पशुपक्षी नियमन एकाइ नाम मात्रका

**पोखरापत्र संवाददाता**
पोखरा, १० पुस

पूर्वाधार र जनशक्ति नहुँदा गण्डकी प्रदेश सरकारको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले स्थापना गरेका कृषि तथा पशुपक्षी नियमन एकाइ कार्यालय निष्क्रिय बनेका छन् ।

प्रदेशमा भित्रने पशु तथा कृषिजन्य उपजको स्वस्थता परीक्षण एवं नियमनका लागि आव २०७५/७६ मा तनहुँको आँबुखैरनी र स्याङ्जाको मालुङ्गामा ती कार्यालय खुलेका थिए ।

मन्त्रालय मातहत रहने गरी स्थापना भएका एकाइ कार्यालयले पाँच वर्ष वितिसक्दा पनि तोकिएका सेवा दिन सकेका छैनन् । पशु तथा कृषि उत्पादनको स्वस्थता परीक्षण एवं नियमनका लागि प्रदेश नाकामा पनि क्वारेन्टाइनसहितको चेकपोष्ट स्थापना गर्नुपर्ने आवाज उठिरहेका बेला प्रदेश सरकारको पहलमा स्थापना भएका नियमन एकाइ पनि सञ्चालनमा आउन नसकेका हुन् । मन्त्रालयको योजना तथा अनुगमन महाशाखाका वरिष्ठ कृषि अर्थविज्ञ भानुभक्त भट्टराईले जनशक्ति र स्रोतसाधनको अभावमा एकाइ कार्यालयले प्रभावकारी सेवा दिन नसकेको बताउनुभयो । "कार्यालय त खुल्यो तर त्यहाँ चाहिने दक्षजनशक्ति, उपकरणलगायतको व्यवस्थापन हुनसकेन, कार्यालय नाम मात्रका जस्ता भए", उहाँले भन्नुभयो, "यो विषयमा जनस्तरबाट पनि गुनासो आइरहेको छ, मन्त्रालय छिट्टै सेवा सुरु गर्ने तयारीमा छ ।"

वरिष्ठ कृषि अर्थविज्ञ भट्टराईले तत्कालका लागि तनहुँको कार्यालयमा कार्यालय सहयोगीसहित तीन र स्याङ्जामा दुई अस्थायी दरबन्दीका कर्मचारी खटाइएको उल्लेख गर्नुभयो । एकाइ कार्यालय सञ्चालनका लागि पशु विकास र कृषि विकास अधिकृतसहित पाँच जनाको प्राविधिक चाहिनेमा अहिलेलाई न्यून जनशक्तिबाट सेवा सुरु गर्ने तयारीमा मन्त्रालय लागि परेको हो । "यतिका वर्षसम्म कार्यालय निष्क्रिय अवस्थामा रह्यो, अब पूर्वाधार र जनशक्ति व्यवस्थापन गरेर प्रभावकारी सेवा दिने उद्देश्यसहित मन्त्री नै स्वयं सम्बन्धित जिल्लाका सरोकारवालासँग छलफलमा जुट्नुभएको छ", अर्थविज्ञ भट्टराईले भन्नुभयो, "स्थानीय तहसँगको समन्वय र सहकार्यमा यो काम अगाडि बढ्छ, मन्त्रालय यसमा संवेदनशील भएर लागिपरेको छ ।"

नियमन कार्यालयमा पशुपक्षी तथा कृषि उपज 'होल्ड' गर्ने स्थल, प्रयोगशाला, उपकरणलगायत कार्यालयलाई आवश्यक पर्ने प्राविधिक सामग्रीको व्यवस्थापन गर्न बाँकी रहेको अर्थविज्ञ भट्टराईले बताउनुभयो । स्याङ्जामा सो कार्यालयको आफ्नै भवन बनेपनि तनहुँमा भने भाडाको घरबाट सञ्चालन गर्नुपर्ने अवस्था रहेको मन्त्रालयले जनाएको छ । कार्यालयले सेवा प्रवाह सुरु गरेपछि प्रदेश भित्रने मुख्य दुई नाकामा पशुपक्षी र कृषिजन्य उत्पादनको गुणस्तर परीक्षण, नियमनलगायतका काम हुने वरिष्ठ कृषि अर्थ विज्ञ भट्टराईले बताउनुभयो । प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले पशुमा देखिने महामारीजन्य रोगको प्रकोप नियन्त्रणका लागि प्रदेश नाकामा क्वारेन्टाइन सेवा सञ्चालन गर्नुपर्ने माग केन्द्र सरकारसँग राख्दै आएको छ । प्रदेश सरकारले राष्ट्रिय विकास समस्या समाधान समितिमासमेत सो विषयलाई प्राथमिकताकासाथ उठाउनुपर्ने भन्दै मन्त्रालयले किटानसमेत गरेको छ । पशु क्वारेन्टाइनस्थल स्थापना सङ्घ सरकारको एकल अधिकारभित्र पर्ने भएकाले उक्त विषयलाई प्रदेशले भोगिरहेको समस्याका रूपमा राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाइएको मन्त्रालयले जनाएको छ । पोखरास्थित पशु सेवा तालिम केन्द्रका प्रमुख डा गृष्म न्यौपानेले तनहुँ र स्याङ्जामा स्थापना भएका कृषि तथा पशुपक्षी नियमन एकाइलाई जनशक्ति र पूर्वाधार सम्पन्न बनाउनुपर्ने बताउनुभयो । उहाँले सङ्घ सरकारले प्रदेश नाकामा आन्तरिकपशुक्वारेन्टाइनस्थलसहितको चेकपोष्ट स्थापना गर्नुपर्ने धारणा राख्नुभयो । हालै अफ्रिकन स्वाइन फिभर, लम्पीस्किन जस्ता महामारीका कारण नेपालले ठूलो पशुधनको क्षति व्यहोर्नुपरेको भन्दै क्वारेन्टाइन सेवालाई चुस्त र प्रभावकारी बनाउनुपर्ने उहाँले बताउनुभयो ।

प्रमुख डा न्यौपानेले अन्तर ष्ट्रिय सिमानामासमेत पशु क्वारेन्टाइन सेवा प्रभावकारी हुन नसकेको उल्लेख गर्नुभयो । "क्वारेन्टाइन सेवा फितलो हुँदा पशुमा महामारीजन्य रोगको प्रकोप नियन्त्रणमा चुनौती थपिएको छ, पशुपालन व्यवसाय नै धरासयी भइरहेको छ", डा न्यौपानले भन्नुभयो, "सङ्घ सरकारले प्रदेश नाका, मुख्य राजमार्ग र स्थानमा क्वारेन्टाइन सेवा विस्तार गरेर पशु रोगमुक्त क्षेत्र बनाउन प्रदेश सरकारलाई सहयोग गर्नुपर्छ ।"

गुणस्तर परीक्षण र नियमन नहुँदा अहिले पशुपक्षी तथा बोटबिरुवा के-कस्तो अवस्थामा प्रदेशमा भित्रिरहेका छन्, कुनै लेखाजोखा छैन । क्वारेन्टाइन प्रक्रिया पूरा गरेर मात्र पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री प्रदेश भित्र्याउने गरी संरचना बनाउनुपर्ने डा न्यौपानेले बताउनुभयो ।

## पोखरा रंगशाला भित्रको विवाद आन्तरिक रुपमै मिलाउन मन्त्री लिम्बुको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, १० पुस



नेपाल सरकारका युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बुले पोखरा रंगशाला भित्रको बिबाद स्थानिय रुपमै हल गर्न निर्देशन दिनु भएको छ । मंगलबार पोखराका खेलपत्रकारसंग संक्षिप्त कुराकानी गर्दै मन्त्री लिम्बुले स्थानिय रुपमा उत्पन्न भएको बिबाद यहीका सारोकारवालाहरु बिच बसेर टुंगाउन निर्देशन दिनु भएको हो ।

४ सय १७ रोपनी क्षेत्रमा फैलिएको पोखरा रंगशालामा निर्माण भएका धेरै भौतिक संरचना र विभिन्न खेल संघसंग रहेका स्वामित्व तथा खेल मैदान तथा कभर्ड हल भाडाको बिषयमा स्थानिय, प्रदेश र संघ सरकारको के कति क्षेत्र अधिकार प्रष्ट हुनु पर्ने खेलकुदकर्मीले माग गर्दै आउनु भएको छ । रंगशालाको विभिन्न खेल खेलाउदा समेत कसले भाडा लिने भन्ने बिषयमा अझै बिबाद भएकोले त्यसलाई हाल प्रदेश माताहात जिल्ला आएकोले त्यसलाई सहजीकरण गर्न प्रदेशले भूमिका खेल्नुपर्ने मन्त्री लिम्बुको भनाई थियो । राज्यले लटका भरमा विना अध्ययन अनुसन्धान बिना खेलकुद क्षेत्रमा गरेको अबौं रुपैया वालुवामा पानी हाले सरह खर्च हुने गरेको मन्त्री लिम्बुको दाबी थियो । दशौं संस्करणको राष्ट्रिय खेलकुद प्रतियोगिता निर्धारित मितिमै हुने उहाँले बताउनु भएको छ । केही समय अघि कर्णालीको सुर्खेतमा निर्माण हुदै गरेको खेलकुदको भौतिक संरचनाको अध्ययन अवलोकन गरेर फर्किएको बताउदै मन्त्री लिम्बुले आफुले सबै क्षेत्रलाई सकरात्मक भएर तोकिएको मिति २०८१ सालको मंसिर २ देखि ९ गतेसम्म हुने गरी तयारी गर्न निर्देशन दिएको जनाउनु भयो । कर्णाली प्रदेशबाट उक्त प्रतियोगिताको लागि १ अर्ब ४८ करोडको प्रस्तावित भौतिक संरचना निर्माणको लागि डकुमेन्ट मन्त्रालयमा आएको उल्लेख गर्नु भयो । सरकारले निर्माण गर्ने कुनै पनि भौतिक संरचनाको बिषयमा जग्गा बिबाद रहित र सरकारको स्वामित्व भएको खण्डमा मात्र राज्यले खेलकुदका भौतिक संरचना बनाउने भएको उहाँको भनाई थियो । सरकारले खेलकुदमा लाग्ने खेलाडी र खेल संघहरुलाई अब बर्गीकरण गर्ने भएको उहाँले बताउनु भयो ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुलाई उहाँहरुको योगदानको आधारमा बिमा तथा सेवा सुविधा उपलब्ध गराउने गरी गृहकार्य गर्दै गरेको बताउदै मन्त्री लिम्बुले खेलकुद प्रतियोगिता गर्ने र खेलाडी उत्पादनमा योगदान पुराएका र झोले खेल संघहरुको समेत बर्गीकरण गरेर प्रोत्साहन र संघ खारेजसम्म गर्ने चेतावनी दिनु भयो । १८ देखि ४० बर्षका युवा खेलाडीहरुलाई आफै केही गर्न चाहेमा एवं स्वरोजगार बन्न चाहेमा मन्त्रालयले युवा स्वरोजगार कोषबाट ५ लाखसम्म सहुलियत दरमा ऋण उपलब्ध गराउने भएको बताउनु भयो । राखेपका सदस्य राजेश गुरुङ, प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्मा, नेपाल लोकतान्तिक खेलकुद महासंघका अध्यक्ष देवेन्द्र केसी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानियाँ लगायतले रंगशाला भित्र धेरै बेतिथी भएकोले त्यसको समाधान गर्न आवश्यक भएकोमा जोड दिनु भएको थियो ।

यसैबिच मन्त्री लिम्बुले मंगलबार पोखरा रंगशालाको अवलोकन सहित केही खेलकुद प्रतियोगिताको उद्घाटन समेत गर्नु भएको छ । मंगलबारदेखि पोखरामा सुरु भएको २० औं संस्करणको माछापुच्छ्रे पोखरा खुल्ला तथा भेट्रान्स टेनिस प्रतियोगिताको उद्घाटन गर्दै मन्त्री लिम्बुले पोखरामा टेनिस खेलको थप भौतिक संरचना निर्माणमा आवश्यक सहयोग गर्ने वचन दिनु भयो ।

त्यसै गरी कास्की जिल्ला स्तरिय क्रिकेट छनौट प्रतियोगिताको व्याटिङ गरी उद्घाटन गर्दै पोखरा खेलकुद र पर्यटनको अथाह सम्भावना भएको दाबी गर्नु भयो । केही समय यहाँले माछापुच्छ्रे हिमालको प्रतिविम्बमा फोटो समेत खिच्नु भएको थियो ।

## कारको ठक्करबाट दुई युवकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १० पुस

कास्कीको पोखरा महानगरपालिका-५ प्रस्याङमा गए राति कारले ठक्कर दिँदा दुईजना पैदलयात्रीको मृत्यु भएको छ ।

बागलुङ बसपार्कबाट जिरो किमीतर्फ जाँदै गइरहेको कारले ठक्कर दिँदा पोखरा-३ नदीपुरका २० वर्षीय ढोलन्द्र छन्त्याल र परिचय नखुलेका अर्का एक युवकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कारको ठक्करबाट गम्भीर घाइते भएका उनीहरूलाई पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पुर्‍याइएकामा चिकित्सकले मृत घोषणा गरेका थिए । दुर्घटनापछि कारचालक फरार छन् । निजको खोजी भइरहेको र कारलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## पोखरामा यःमरी महोत्सवसँगै प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १० पुस

नेवारी समुदायको निकै लोकप्रिय परिकार हो, यःमरी । नयाँ धानको चामलको पीठोबाट माथिल्लो भाग गजुरजस्तै चुच्चो बनाई खाली भागमा चाकु, खुवा, गुँदपाक, मास, मुँगीलगायत सामग्री राखेर बनाइने योःमरी पछिल्लो समय लोप हुने अवस्थामा छ ।

नेवारी भाषामा 'य' को अर्थ 'मन' परेको र 'मरी'को अर्थ 'रोटी' हो । आधुनिकतासँगै नयाँ पुस्ताले मन परेको रोटी अर्थात् यःमरी बनाउन थोरैले जान्दछन् । त्यसैले पुस्तान्तरण र अन्य समुदायलाई जानकारी दिन नेवा मिसा पुचः कास्की लागिपरेको छ ।

पुचःले सोमबार पोखरा महानगरपालिका-४ सँगको सहकार्यमा पोखरामा यःमरी सांस्कृतिक महोत्सव तथा प्रतियोगिता आयोजना गरेको थियो । प्रतियोगितामा २० समूहको सहभागिता रहेको नेवा मिसा पुचः कास्कीकी अध्यक्ष सङ्गीता बज्राचार्यले जानकारी दिनुभयो । महोत्सवले युवापुस्तामा यःमरीको महत्व बुझाउन सहयोग पुगेको उहाँले बताउनुभयो । यो परिकारको नेवार समुदायमा विशेष महत्व रहेकाले जोगाएर राख्नुपर्ने उहाँको धारणा छ । "नयाँ धानको पहिलो परिकारका रूपमा यःमरी बनाइन्छ," अध्यक्ष बज्राचार्यले भन्नुभयो, "मार्गशीर्ष शुक्ल पूर्णिमाको दिन नयाँ धानको चामलबाट बनेको यःमरीलाई पूजा गरियो भने घरमा कहिल्यै अन्नको अभाव हुँदैन भन्ने जनविश्वास छ ।" पूर्णिमाका दिन यमरीलाई धानलगायत अन्नका भकारीमा चढाइन्छ । यस दिन नेवार समुदायले यमरीको कुवेर, गणेश, लक्ष्मीलगायत विभिन्न भगवानको मूर्ति बनाएर चढाउने चलन रहेको छ । यसरी चढाएको यःमरी चार दिनपछि मात्र प्रसादका रूपमा बाँडेर खाने प्रचलन रहेको अध्यक्ष बज्राचार्यले बताउनुभयो ।

नेवार समुदायमा महत्व बोकेको यःमरीलाई औषधिका रूपमा पनि प्रयोग गरिने महोत्सव संयोजक भवानी माकाजुले बताउनुभयो । "यःमरी औषधिका रूपमा पनि खाने प्रचलन छ," उहाँले भन्नुभयो, "यसमा राखिने चाकु, तिल, मरिचले जाडोमा चिसोबाट बचाउन पनि सहयोग गर्छ ।"

परम्परागत परिकार जोगाउन पोखरा महानगरपालिकाले पनि साथ दिएको पोखरा महानगरपालिका-४कावडाअध्यक्ष देवकृष्ण पराजुलीले बताउनुभयो । वडा कार्यालयले कला र संस्कृतिको संरक्षणका लागि वितगदेखि नै काम गर्दै आएकाले यःमरी जोगाउन प्रयोगिता आयोजना गरेको उहाँले सुनाउनुभयो । "पोखराको पुरानो बजार जुन ऐतिहासिकता र मौलिकतासँग जोडिएको छ," वडाध्यक्ष पराजुलीले भन्नुभयो, "यःमरीलाई पर्यटनसँग जोड्न र संरक्षण गर्न महोत्सवको आयोजना गरेका हौं ।" यो परिकार संरक्षणका लागि आगामी दिनमा पनि सहयोग गर्न तयार रहेको उहाँले बताउनुभयो ।

नेवा मिसा पुचः कास्कीले आगामी दिनमा जिल्लामा भएका सबै सदस्यलाई यःमरी बनाउन सिकाउने योजना बनाएको छ । सबै पोख्त भएपछि यसलाई व्यावसायिकीकरण गरिने भएको छ । यःमरी प्रतियोगितामा कर्माचार्य मिसा पुचःले प्रथम हुँदै रु १० हजार पुरस्कार प्राप्त गर्‍यो । द्वितीय जिरो मालेपाटन पर्स्याङ मिसा पुच, तृतीय बगर मिसा पुच र सान्त्वना शिशुवा मिसा पुच हुँदै क्रमशः रु सात हजार, रु पाँच हजार र रु तीन हजारसहित प्रमाणपत्र प्राप्त गरे ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जाका एक कृषकले बेचे ६० लाखको सुन्तला

पोखरापत्र संवाददाता
स्याङ्जा, १० पुस

स्याङ्जाका एक कृषकले यहि वर्ष (चालु सिजन) मै झण्डै ६० लाखको सुन्तला बिक्री गरेका छन् । अर्जुनचौपारी गाउँपालिका १ थापाथोकका जिल्लाकै अगुवा कृषक ६४ वर्षिय फनीनारयाण अर्याललले आफ्नै बगानको सुन्तला बिक्री गरेर करिब ६० लाख आम्दानी गरेका हुन् ।



सिंचाई सुविधा भएको धानखेत मासेर त्रिपुत्र बागबानी फार्म मार्फत सुन्तला खेति गर्दै आएका कृषक अर्याललले गत वर्ष मात्रै करिब ६५ लाखको सुन्तला बिक्री गरेका थिए । ८० रोपनी जग्गामा २२ सय सुन्तलाका बिरुवा लगाएका अर्याललले उत्पादन घटेका कारणले यो वर्ष झण्डै ६० लाखको सुन्तला बिक्री गरेका हुन् । ७० मेट्रिकटन सुन्तला उत्पादन भएको बगैचाबाट प्रतिकिलो ८५ रुपैयाँमा सुन्तला बिक्री गरेको कृषक अर्याललले जानकारी दिए । । उनका अनुसार गत वर्ष ८५ मेट्रिकटन सुन्तला उत्पादन गरेर प्रतिकिलो ७५ रुपैयाँमा बिक्री गर्दा झण्डै ६५ लाख आम्दानी भएको थियो । गत वर्षको तुलनामा यस वर्ष १५ मेट्रिकटन सुन्तला उत्पादन घटेको उनले सुनाए । ५० को दशकमा हुँदा खादाको वकिल (कानून व्यवसायी) पेशालाई छाडेर सुन्तला खेतिमा लागेका अर्याललले मनग्य आम्दानी गरेर जिल्लामै उदाहरणीय बनेका छन् । २०३६ सालबाटै सुन्तला लगाउन थालेका अर्याललले २०५५ देखि मात्रै व्यावसायिक रुपमा सुन्तला उत्पादन गर्दै आएका छन् । "झण्डै ५० लाखको लागतमा ग्रेडिङ् (बर्गिकरण गर्ने) मेशिन जडान गरेर सुन्तलाको मुल्य अनुसार ठूला र साना छुट्टाएर बेच्ने गरेको छु ।" कृषक अर्याललले भने, "विगतमा पोखरा, काठमाडौं, चितवन र बुटवलमा पुगेर सुन्तला बिक्री गर्दै आएको थिए ।" पछिल्लो समयमा भने भाटभटेनी सुपर मार्केट मार्फत सुन्तला बिक्री गदै आएको उनले बताए । बगैचाको हेरचाह गर्न नियमित ५ जनालाई रोजगार दिएका अर्याललले सुन्तला पाक्ने समय (मंसिर, पुष र माघ) महिनामा झण्डै ४५ जनालाई रोजगार दिन्छन् । बगैचाको रेखदेख, गोडमेल र मलको व्यवस्थापन गर्दैमा वर्षभरिमा झण्डै २५ लाख लगानी हुने गरेको अर्याललले जनाए । पुष लागेपछि मात्रै आफ्नो बगैचाको सुन्तला बिक्री गर्दै आएका अर्याललले सुन्तला पाक्ने समयमा स्थानीय गाउँबाट झण्डै ४ करोड बराबरको सुन्तला खरिद बिक्री गर्दै आएका छन् । सुन्तलाको दाना अनुसार प्रतिकिलो ५० देखि ६० रुपैयाँमा सुन्तला खरिद गरेर उनले टिपेर, बर्गिकरण र ढुवानी गरेर प्रतिकिलो ७० देखि ८५ रुपैयाँमा बिक्री गरेको बताए ।

५ छोरी ३ छोराका पिता अर्याललले सबै सन्तानलाई उच्च शिक्षासम्मको शिक्षा प्रदान गरेका छन् । सबै छोरीको बिवाहदान भएको सुनाउँदै अर्याललले भने, "जेठो छोरा कृषि विषय (एजि) पढन अष्ट्रलिया, माईलो छोरा डाक्टर (एमबिए) पढन अमेरिका र कान्छो छोरा ईन्जिनियरिङ् पढन भारत गएका छन् ।" संयोग भने यस्तो छ : ३ जना छोराहरु छात्रवृत्तिमै अध्ययनका लागि बिदेश गएका हुन् । गत वर्ष २२ हजार मेट्रिक टन सुन्तला उत्पादन भएको जिल्लामा यो वर्ष भने उत्पादन घटेर १९ हजार ८७ मेट्रिक टनमा सिमित रहने अनुमान छ । गत वर्ष एक अर्ब ३८ करोड रुपैयाँको सुन्तला उत्पादन भएकोमा चालु वर्षमा एक अर्ब १४ करोड ५२ लाख रुपैयाँको सुन्तला उत्पादन हुने प्रारम्भिक अनुमान गरिएको छ । यस वर्ष ४० प्रतिशत सुन्तला बिक्री भएको छ भने बाँकी ६० प्रतिशत सुन्तला बोटमै छन् । जिल्लामा सुन्तला उत्पादन क्षेत्र २२ सय हेक्टर रहेको छ । उत्पादनशील बगैंचाको क्षेत्रफल १ हजार ३ सय २० हेक्टर रहेको छ भने ८ सय ८० हेक्टर जग्गामा बेर्ना बगैंचा रहेका छन् ।

# पोखरामा राष्ट्रिय मुवाँथाई प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १० पुस

पोखराको फेवाताल किनारामा १६ वटा विधामा राष्ट्रिय स्तरको मुवाँथाई प्रतियोगिता सोमबार बेलुका अवेर सम्पन्न भएको छ ।

गण्डकी प्रदेश खेलकुद परिषदको आयोजना तथा नेपाल मुवाँथाई अर्गनाइजेसनको संयोजनमा पोखराको ६ लेकसाइडस्थित नेपाल ट्रस्टको चौर (फेवाताल किनारा) मा सोमबार १६ फाइटको फाइनल प्रतिष्प्रर्धा हुदै प्रतियोगिता सम्पन्न भएको हो । प्रतियोगितामा ७ प्रो-फाइट (प्रोफेसनल), ७ सेमी-प्रो र २ एमेचर फाइट भएका भएको प्रतियोगिताका संयोजक खगेन्द्र क्षत्रीले बताउनु भयो ।

प्रो-फाइटतर्फ स्ट्रोङ्गेस्ट मुवाँथाईका ज्ञानेन्द्र सिंहले गालाकका आकेश केसीलाई (५७ केजी फेदरवेट) मा हराउनु भयो । यस्तै राइनो मुवाँथाईका गुमान मगरले गोकर्णेश्वरका लाक्पा तामाङलाई (५५ केजी सुपर वेन्टमवेट), एरावान मुवाँथाईँ फाइट जिमका छिरिङ पल्देन शेर्पाले स्ट्रोङ्गेस्टका तेन्जिन राब्यान गुरुङलाई (६० केजी लाइट वेट), हिट मुवाँथाईका मिलन तामाङले लेखनाथ डोजो मुवाँथाईका मोस्सेस कुमाललाई (६३ सुपर लाइटवेट), सर्लाही मुवाँथाईका धर्मिन्दर रामले रकस्टार मुवाँथाईका प्रविन राईलाई (५५ केजी सेपर वेन्टमवेट), स्ट्रोङ्गेस्टकी सुस्मा चौधरीले एरवान मुवाँथाई फाइकी रजिना विष्टलाई (५० केजी फ्लाइवेट) र जिमखाना मुवाँथाईका करण बर्जाचार्यले स्ट्रोङ्गेस्टका रोहित मगरलाई (६० केजी लाइटवेट) मा हराउँदै विजेता हुनु भएको हो ।

सेमी-प्रो फाइटमा इस्ट्रोङ्गेस्टका रमित महर्जनले सोही मुवाँथाईका सुरेश नेपाली (किडफाइट), एपिएफका पेम्बा छिरिङले अल फाइट सिस्टम अर्गनाइजेसनका कर्णबहादुर मगराती (६० सुपर फेदरवेट), एपिएफकी रिना माझिले नेपाल मुवाँथाईकी ज्योती मल्ल (४५ केर्जी पिनवेट), स्ट्रोङ्गेस्टका सागर परियारले सिङ मुवाँथाईका गौतम थिङलाई (६३ सुपर लाइटवेट), पोखरा फाइट क्लबका रोनिस मगरले माउन्टेन मुवाँथाईका हविल तमाङलाई (५७ केजी फेदरवेट), अलफाइट सिस्टम अर्गनाइजेसनका रोशन अछामीले स्ट्रोङ्गेस्ट अनिस मगरलाई (५० केजी फ्लाइवेट), नेपाल मुवाँथाईका दिपेश गुरुङले टोटल फिजिकल फिट्नेसका सरोज तामाङलाई (५५ केजी सुपर वेन्टमवेट) हराउँदै विजेता हुनु भयो ।

यस्तै एमेचर किड फाइटमा स्ट्रोङ्गेस्ट मुवाँथाईका रोहम नेपालले सोही क्लबका दृष्टान्त चालिसेलाई, एलाईट मुवाँथाईका विपिनजंग सुनारले व्यामशालाका तेन्जिङ जिन्पालाई (६० केजी सुपर फेदरवेट) हराउँदै विजेता बन्न सफल हुनु भयो । उहाँहरु सबैले नगद सहित मेडल र गिफ्ट प्राप्त गर्नु भएको छ ।

विजयी खेलाडीहरुलाई नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु, गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंखडा, प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोजकुमार गुरुङ, परिषदका सदस्य सचिव श्रीधर शर्मा, नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष तेज बहादुर गुरुङ, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बानियाँ, भूपु खेलाडी मञ्चका अध्यक्ष हरि पराजुली लगायतले पुरस्कार वितरण गर्नु भएको थियो । प्रतियोगितामा नेपालका १९ क्लबका ३२ जना व्यवसायिक फाइटरहरुको सहभागिता रहेको थियो ।

# २५ औं सडक महोत्सवमा खाना र स्थानीय उत्पादनलाई विशेष जोड दिने

पोखरापत्र संवाददाता
पोखरा, १० पुस

यस बर्ष पोखरामा आयोजना हुने २५ औं सडक महोत्सव २०८० मा खाना र स्थानिय उत्पादनलाई बिषेश जोड दिने भएको छ ।

रेष्टुरेण्ट एण्ड बार एसोसियसन (रेवान) पोखराको आयोजनामा यही पुष १२ देखि १६ सम्म संचालन हुने उक्त महोत्सवमा खाना र स्थानिय उत्पादनलाई बिषेश जोड दिने भएको मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

यसपालीको सडक महोत्सवमा स्थानिय उत्पादन भएका कृषिजन्य देखि हस्तकलाका सामाग्रिहरुको समेत आफुहरुले निशुल्क स्टल उपलब्ध गराएको रेवान पोखराका अध्यक्ष नरेस भट्टराईले बताउनु भयो । महोत्सवमा कला संस्कृति झल्कने विभिन्न जनजातिको भेषभुषा सहितको झाकी विभिन्न खेलकुद कार्यक्रम, गित संगित तथा कला क्षेत्रलाई उच्च प्रथामिकता दिएको अध्यक्ष भट्टराईले बताउनु भयो । महोत्सवमा स्वदेशी तथा विदेशीका गरी २५ थरिका खानाका परिकार उपलब्ध गराइने भएको उहाँले दाबी गर्नु भयो । महोत्सवमा चाइनिज, इण्डियन, नेपालीमा थकाली देखि विभिन्न खानाका परिकारहरु उपलब्ध गराइने भएको रेवान पोखराले जनाएको छ । डिसेम्बर २५ अर्थात क्रिसमस डेको अवसरबाटै पोखरामा पर्यटकहरुको चहल पहल सुरु भएको संस्थाका प्रथम उपाध्यक्ष एवं महोत्सव संयोजक विश्वराज पौडेलले बताउनु भयो ।

महोत्सवलाई भव्य रुपमा सफल पार्न हाल पोखराको करिब ३ किलोमिटर क्षेत्रमा रंगरोगन, धोजा पोतकाले सजिसजावट समेत गरिएको उहाँले बताउनु भयो । स्थानिय किसानले उत्पादन गरेका बस्तुको बिक्रि तिवरणको लागि सहज पहुच पुर्याउने गरी निःशुल्क स्टलको व्यबस्था गरिएको संयोजक पौडेलले बताउनु भयो । अंग्रेजी नयाँ वर्षको अवसरमा यही पुष १२ गते देखि १६ सम्म पोखराको लेकसाइडमा आयोजना हुने उक्त महोत्सवमा करिब ५ लाख आन्त्रिक तथा बाह्यि पर्यटक भित्राउने आफुहरुले लक्ष्य राखेको रेवान पोखराले दाबी गरेको छ ।यसैबिच, सडक महोत्सवको पूर्व अवसरमा रेवान पोखरालेसाइकलसिटिपोखरा,पोखरा माउण्टेन वाइकको सहकार्यमामा पोखरामा हालै ३० किलोमिटर साइकल र्याली समेत आयोजना गरेको थियो । पोखरा लेकसाइडको बुह्याङ रेष्टुरेण्ट देखि हल्लनचोक, सेतीबगर, खपौदी, पामे, घाँटी छिना, मार्की हुदै लेकसाइडसम्मको ३० किलोमिटर साइकल र्याली आयोजना गरिएको अध्यक्ष भट्टराईले बताउनु भयो ।त्यस्तै महोत्सवको प्रोमोशनको लागि रेवान पोखराले चितवन र काठमाडौंसम्म पुगेर व्यवसायीहरुसंग छलफल तथा पत्रकार सम्मेलन समेत गरेको प्रचार प्रसार संयोजक बिकास भट्टराईले बताउनु भयो । 'सडकमै खाउँ, सडकमै नाचौं, सडकमै रमाऔं' भन्ने मुल नारा सहित उक्त महोत्सव लेकसाइडको करिब ३ किलोमिटर क्षेत्रमा सञ्चानल हुदै आएको छ । महोत्सवमा सिन्धुलीको नौमती बाजा, मयूर डान्स, रत्यौली प्रतियोगिता हुने भएको छ । साथै महोत्सवमा साँस्कृतिक कार्यक्रम, मौलिक भेषभुषा प्रर्दशन सँगै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खानाको प्रदर्शन, दोहोरी गित प्रतियोगिता, झाँकी प्रदर्शन, रात्रीकालिन कन्सर्ट, बोट रेस, राष्ट्रिय भलिवल प्रतियोगिता, वेटर रेस, टग अफ वार तथा पोखराका प्रमुख गन्तब्य सहितको डकुमेन्टी प्रदर्शन गरिने भएको पूर्व अध्यक्ष चौ बहादुर गुरुङले बताउनु भयो ।

पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले नेपालकै स्थापित ब्राण्डीङ भएको दाबी गर्नुभयो । यस महोत्सवमा ५ लाख पर्यटन भित्र्याउने लक्ष्य राखिएको उहाँले बताउनु भयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त प्रमुख नवीन पोखरेलले २०१९ मा १२ लाख पर्यटक भित्रीएको अबस्थामा यस बर्ष साँढे ९ लाख बढी आएकोले यस बर्ष पर्यटनमा सुधार हुँदै आएको बताउनु भयो । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले उक्त महोत्सवले पोखराको पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

महोत्सवको अवसरमा चर्को मूल्य लिएमा कार्वाही गर्ने रेवानले जनाएको छ । अफसिजनमा पोखराको पर्यटन प्रबर्द्धन गर्न गणेशबहादुर भट्टराईले नेतृत्वमा विगत २५ बर्ष अघि सुरू भएको हो ।

# १९ औं लेखनाथ महोत्सवमा उधौली उभौली पर्व

पोखरापत्र संवाददाता
पोखरा, १० पुस





"महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि" भन्ने मुल नाराका साथ विहिबारबाट लेखनाथमा शुरु भएको १९औं संस्करणको लेखनाथ महोत्सवको छैटौ दिन मंगलबार विभिन्न विद्यालयका विद्यार्थीहिरुले मौलिक भुषभुषा र झाँकी त्याली सहित नृत्य प्रस्तुत गरेका थिए । नृत्य प्रस्तुत गर्ने विद्यालयहरुमा नेपाल आदर्श आवासिय मा.वि, रामज्योति माध्यमिक विद्यालय, न्यू एरा एकेडेमी, अल्फा एकेडेमी, त्रिभुवन शान्ति मा.वि.रहेका थिए ।

किराँत समुदायको सांस्कृतिक पर्व उधौली, नेवार समुदायको यःमरी पुन्हि, ज्यापु दिवस र धान्य पूर्णिमा पर्वहरूले सम्पूर्ण नेपालीका बीचमा सामाजिक सद्भाव कायम गर्दै आफ्ना सांस्कृतिक उन्नयन गर्न र राष्ट्रिय एकता कायम गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

मंगलबार उधौली उभौली पर्वको अवसरमा बिदाको दिन समेत परेकाले महोत्सवमा दर्शकहरुको संख्या वढेको र यसले कारोबारमा समेत वृद्धि भएको महोत्सवका प्रचार प्रसार संयोजक उपेन्द्रराज सुवेदी राजु ले जानकारी दिए । मंगलबार मात्रै ३० हजार दर्शकले मेला अवलोकन गरेका छन् भने ८० लाख भन्दा माथी कारोबार भएको सुबेदीले जानकारी दिए । लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा सञ्चालन भएको महोत्सवमा हालसम्म झण्डै ४ करोड ७० लाख रुपैयाको कारोबार भएको छ । मंगलबार लोकदोहोरी कलाकारहरु प्रजापति पराजुली, राजु गुरुङ, आयुषा गौतम, राजन कार्की, शिवहरी ढुंगाना, अमर धिताल, पार्वती गुरुङ, मधु थापामगर लगायतले प्रस्तुती राखेका थिए भने बेलुका लाईभ कन्सर्टमा पोखरेली माग्ने बुढा/धुर्मुस, युवराज भण्डारी र राजेन्द्र नेपाली, रचना रिमाल, टिका प्रसाई र एन एन एस व्यण्डले स्टेज तताएका थिए ।

महोत्सवमा बुधबार लोकदोहोरी कलाकारहरु विष्णु खत्री, बसन्त वि.क., तारापति सुवेदी, भुमिका गिरी, सुनिता नेपाली र कमला सुनार लगायतको प्रस्तुती रहनेछ भने हाँस्यव्यग्यतर्फ पुरुषोत्तम भण्डारी(पुर्खेबा), साहिमा श्रेष्ठ, रमेशराज भट्टराइ र जितु पुन लगायतले स्टेज प्रस्तुती दिने कार्यक्रम रहेको आयोजकले जानकारी दिएको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । - विदुरनीति

## सम्पादकीय

# प्रधानमन्त्रीको स्वीकारोक्ती

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो सरकारले एक वर्षमा काम गर्न नसकेको स्वीकार गरेका छन् । तर अब कार्यशैली सुधार गरेर काम गर्ने भन्दै उनले केही नयाँ लक्ष्यहरु निर्धारण गरेका छन् । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड १० पुस २०७९ मा नेकपा एमालेसहितका ७ दलको समर्थनमा प्रधानमन्त्री बनेका थिए । राष्ट्रपति निर्वाचनसँगै समीकरण बदलेर नेपाली कांग्रेससँग हात मिलाएका प्रचण्ड सत्ता गठबन्धनलाई कायम राखेपनि सरकार सञ्चालनमा भने चुकेका थिए । सुशासनतर्फ सकारात्मक सुरुवात गरेपनि नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास र सुन काण्डमा सबभन्दा धेरै प्रश्न उठ्यो । केही सूचक सकारात्मक भएपनि अर्थतन्त्रको समस्या कायमै छ भने निजामती कर्मचारी, विद्यालय शिक्षा लगायतका विधेयक निर्माण पनि हुन सकेन ।

प्रधानमन्त्री योजनाविहीन ढंगले चलेको तथा धेरै समय उद्धाटन, शिलान्यास र भाषणका कार्यक्रममा समय खर्चिएकाले परिणाम नआएको विश्लेषकहरु बताउँछन् । आफ्नो नेतृत्वमा सरकार गठन भएको एक वर्ष पूरा भएको अवसरमा सोमबार सिंहदरबारबाट देशबासीलाई सम्बोधन गरेका प्रधानमन्त्री प्रचण्डले कमजोरी स्वीकार गरेका छन् । 'आज म देशबासीसामू स्वीकार गदर्छु कि सरकार असफल त भएन, तर मेरो हुटहुटी अनुसार परिणाम पनि आएन', प्रचण्डले भनेका छन् । प्रधानमन्त्री प्रचण्डले देशबासीलाई सम्बोधन गर्दै अब कार्यशैली बदल्ने बाचा समेत गरेका छन् । केही पूर्वनिर्धारित र अपरिहार्य बाहेकका कार्यक्रममा नजाने, नीति तथा कार्यक्रम र बजेटको तयारी तथा विकास र सुशासनमा रहेका समस्या समाधान गर्न लाग्ने भन्दै उनले भने, 'कार्यशैली बदल्न यो एउटा प्रस्थानबिन्दु हुनेछ ।'

आफ्नो कार्यालयमा संरचनात्मक परिवर्तन गर्ने बताएका प्रधानमन्त्री प्रचण्डले अबको दिनमा आफ्नो र सरकारको प्राथमिकता केके हुनेछन् भन्ने पनि बताएका छन् । सत्तारुढ गठबन्धनका नेताहरुले यसलाई सकारात्मक मानेका छन् । उनीहरुका अनुसार सत्ता गठबन्धनमा भएको सहमतिअनुसार उनको कार्यकाल अब एक वर्ष छ । यदि उनले अरु प्रधानमन्त्रीहरुले जस्तै राम्रो काम गरेको छु भनेको भए सार्वजनिक रुपमा आलोचना त हुनसक्थ्यो, तर सत्ता समीकरणमा केही हुने थिएन ।

तर उनले काम गर्न नसकेको स्वीकार गर्दै अबका प्राथमिकताहरु बताउनु सकारात्मक भएको नेताहरु बताउँछन् । 'उहाँले आज धेरै काम गर्न नसकेको स्वीकार गर्दै केही नयाँ गर्ने संकल्प गर्नुभएको छ । यसलाई सकारात्मक रुपमा लिन सकिन्छ', नेपाली कांग्रेसका महामन्त्री गगन थापा भन्छन्, 'तर संकल्प अनुसार काम हुन्छ कि हुन्न चार हप्तामै थाहा हुन्छ ।' प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो सरकारले एक वर्षमा काम गर्न नसकेको स्वीकार गरेका छन् । तर अब कार्यशैली सुधार गरेर काम गर्ने भन्दै उनले केही नयाँ लक्ष्यहरु निर्धारण गरेका छन् ।सरकारको एक वर्षको उपलब्धि ८८ पृष्ठको बनाएपनि काम गर्न नसकेको स्वीकार गर्नु अहिलेको यथार्थता हो ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड १० पुस २०७९ मा नेकपा एमालेसहितका ७ दलको समर्थनमा प्रधानमन्त्री बनेका थिए । राष्ट्रपति निर्वाचनसँगै समीकरण बदलेर नेपाली कांग्रेससँग हात मिलाएका प्रचण्ड सत्ता गठबन्धनलाई कायम राखेपनि सरकार सञ्चालनमा भने चुकेका थिए । सुशासनतर्फ सकारात्मक सुरुवात गरेपनि नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास र सुन काण्डमा सबभन्दा धेरै प्रश्न उठ्यो । केही सूचक सकारात्मक भएपनि अर्थतन्त्रको समस्या कायमै छ भने निजामती कर्मचारी, विद्यालय शिक्षा लगायतका विधेयक निर्माण पनि हुन सकेन ।

प्रधानमन्त्री योजनाविहीन ढंगले चलेको तथा धेरै समय उद्धाटन, शिलान्यास र भाषणका कार्यक्रममा समय खर्चिएकाले परिणाम नआएको विश्लेषकहरु बताउँछन् । आफ्नो नेतृत्वमा सरकार गठन भएको एक वर्ष पूरा भएको अवसरमा सोमबार सिंहदरबारबाट देशबासीलाई सम्बोधन गरेका प्रधानमन्त्री प्रचण्डले कमजोरी स्वीकार गरेका छन् । ' आज म देशबासीसामू स्वीकार गदर्छु कि सरकार असफल त भएन, तर मेरो हुटहुटी अनुसार परिणाम पनि आएन', ।प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलको राजिनामाले नै प्रधानमन्त्रीको कमजोर पक्ष उजागर गरेको थियो । प्रधानमन्त्री प्रचण्डले देशबासीलाई सम्बोधन गर्दै अब कार्यशैली बदल्ने बाचा समेत गरेका छन् । केही पूर्वनिर्धारित र अपरिहार्य बाहेकका कार्यक्रममा नजाने, नीति तथा कार्यक्रम र बजेटको तयारी तथा विकास र सुशासनमा रहेका समस्या समाधान गर्न लाग्ने भन्दै उनले भने, 'कार्यशैली बदल्न यो एउटा प्रस्थानबिन्दु हुनेछ ।' प्रधानमन्त्री नियुक्त हुने वितिक्कै पनि कुरा कम कनम धेरै गर्ने वाचा गरेका थिए।ढाँटको निम्तो खाई पत्याउनु भने झै अब काम हुनु पर्छ। भाषण गरेर सस्तो प्रचार गर्ने बानी परेकालाई चुपचाप काम गर्नु कठिन तपस्या गरे जस्तै हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| ककर्ट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एउटै वडाको सेवा दुई ठाउँबाट

पोखरापत्र संवाददाता
वालिङ, १० पुस

स्याङ्जाको भिरकोट नगरपालिका-८ को वडा कार्यालयले दुई ठाउँबाट सेवा प्रवाह गर्दै आएको छ । भौगोलिक विकटता र जनसङ्ख्याका दृष्टिले नगरपालिका ठूलो भएपछि वडावासीको सहजताका लागि दुई ठाउँबाट सेवा दिँदै आइएको हो ।

वडाका सबैलाई पायकपर्ने ठाउँमा वडा कार्यालय नभएपछि वडावासीको सहजताका लागि दुई ठाउँमा वडा कार्यालय स्थापना गरी सेवा दिँदै आइएको वडाध्यक्ष नन्दलाल खनालले बताउनुभयो । साविकको ढापुक सिमलभञ्ज्याङ गाविस सिङ्गैबाट बनेको ८ नं वडा भौगोलिक हिसाबले विकट तथा नगरपालिकाबाट टाढा भएकाले वडाबासीको पहलमा दुई ठाउँमा कार्यालय स्थापना गरी सेवा दिइएको उहाँले बताउनुभयो । "हप्तामा छ दिन कार्यालयबाट सेवा प्रवाह हुने भएकाले तीन दिन एउटा कार्यालयबाट र तीन दिन अर्को कार्यालयबाट सेवा दिँदै आएका छौँ", खनालले भन्नुभयो, "आइतबारदेखि मङ्गलबार ढापुक जामुनेडाँडा वडा कार्यालय र बुधबारदेखि शुक्रबारसम्म मोहनडाँडामा रहेको वडा कार्यालयबाट सेवा दिँदै आएका छौँ ।" वडाध्यक्षसहितका जनप्रतिनिधि तथा कर्मचारी हप्ताको पहिलो तीन दिन ढापुक जामुनेडाँडामा जाने र पछिल्लो तीन दिन मोहनडाँडामा रहेको वडा कार्यालयमा गई सेवा प्रवाह गर्दै आउनुभएको छ । सुरुका दिनमा केही अन्योलतामा भए पनि अहिले भने सेवाग्राहीलाई पूर्ण जानकारी भइसकेको वडाध्यक्ष खनालले बताउनुभयो । "नभइ नहुने अत्यावश्यक सेवा, सिफारिस लगायतका कामका लागि दुईमध्ये जुनसुकै कार्यालयबाट लिन पाइयो", उहाँले भन्नुभयो । वडा कार्यालयले दुई ठाउँमै भवन निर्माण गरी कार्यालय सञ्चालनका लागि आवश्यक सामग्रीको व्यवस्थापन गरेको छ । दुई ठाउँबाट सेवा पाउने भएपछि लामो समय खर्च गरेर वडा कार्यालयसम्म पुग्नुपर्ने बाध्यता हटेको स्थानीय बताउँछन् । उक्त वडामा हाल चार हजार सात सय नागरिक बस्दै आएका छन् ।

# फेवा सहकारी २५ वर्षमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, १० पुस



फेवा वचत तथा ऋण सहकारी संस्था ली. पोखरा - ५ जिरो किमिको २५ औ स्थापना दिवसको अबसरमा आफ्ना दुबै कार्यालय वरपर सरसफाई कार्यक्रमको आयोजना गरि स्थापना दिवस मनायो ।

सो अबसरमा सरसफाइ कार्यक्रमलाई सम्बोधन गर्नुहुदै रामबजार सोसाइटी यूकेका प्रमुख सल्लाहकार एवं फेवा सहकारीका सल्लाहकार प्रमुख अतिथि महेश गुरुङ्गले सरसफाईका सामाग्री सरसफाइ कार्यक्रम संयोजक फेवाका उपाध्यक्ष शेयर काजी गुरुङ्ग लाई हस्तान्तर गरि कार्यक्रमको उद्धाटनगर्नुहुदै अहिलेको स्तिथि र परिस्थितिमा फेवा सहकारीले गरेका आर्थिक कारोबार को प्रशंसा गर्नुहुदै सहकारीका सबै कार्य उच्च र स्मरणीय रहेको र आउदा दिनमा पनि सहकारी अझ मजबुत राख्न यो टिम लागिरहन प्रेरित गर्नुहुदै रजत महोत्सव बर्षका सबैकार्यको सफलताको शूभकामना दिनुभयो ।

२५ औ बर्षमा प्रवेश गरेको अबसरको पहिलो दिन फेवा सहकारीको आफ्नै भवन वरपर र भद्रकाली चोक पोखरा १३ मा रहेको सेवा केन्द्र परिसरमा बिहान ८ बजे एकैसाथ सरसफाइ कार्यक्रमको शुभारम्भ गरिएको कार्यक्रम संगसंगै नया पदाधिकारी र उपसमिति लाई पौष १२ गते बिहान ८ बजे सहकारी सम्बन्धि १ दिने प्रशिक्षण दिने कार्यक्रम रहेको सहकारीका प्रबन्धक जगन तिमल्सिनाले बताउनु भयो ।

२५औ बार्षिक कार्यक्रम अन्तर्गत दुबै केन्द्रमा बिहान सरसफाइ कार्यक्रम र साझ दिप प्रज्जलन गरि सम्पन्न गरिएको कार्यक्रममा करिब ७५ जनाको सहभागी रहेको कार्यक्रममा करिब ५ कुन्टल फोहर संकलन गरि टोल टोलमा सरसफाइका बारेमा सचेतना जागरण गराईएको थियो ।

कार्यक्रममा फेवा सहकारीका निबर्तमान अध्यक्ष क्या.चन्द्र प्रसाद गुरुङ्ग, रामबजार सोसाइटी यूके का सस्थापक उपाध्यक्ष एवं सहकारीका शेयर सदस्य रूपक गुरुङ्ग, न्युयोर्क तमू समाज अमेरिकाका सस्थापक अध्यक्ष डमरजंग गुरुङ्ग, तनहू तमू समाज यूकेका निबर्तमान अध्यक्ष दुर्गा प्रसाद श्रेष्ठ,भद्रकाली सेवा केन्द्रका संयोजक क्या. श्याम गुरुङ्ग लगायतका बक्ताहरूले आ-आफ्नो मन्तव्य प्रस्तुत गर्नुहुदै अबको सहकारी सदस्य मुखी बनी कर्जा लगानीमा बिषेश ध्यान दिनुपर्ने सबैले बताउनु भयो । उक्त कार्यक्रममा सहकारीका सात सिद्धान्त महिला सदस्य किरण बैंध बिजुक्छेले बाचन गर्नु भएको सो कार्यक्रममा सस्थाका उपाध्यक्ष एवं कार्यक्रम संयोजक शेरकाजी गुरुङ्गले स्वागत र फेवा बचत तथा ऋण सहकारीका अध्यक्ष सम्मर बहादुर श्रेष्ठको सभापतीत्वमा सम्पन्न सरसफाइ कार्यक्रम सस्थाका सचिव दिल बहादुर भट्टराईले संचालन गर्नुभएको थियो ।

# चिसो छल्न बँसी झर्दै भेडाका बथान

पोखरापत्र संवाददाता
लमजुङ, १० पुस

चिसो बढ्न थालेसँगै चैत/वैशाखको गर्मीमा लेक पुगेका दर्जनौं भेडीगोठका भेडाबाख्रा चिसो छल्न पुनः बैंसी झरेका छन् । गोठालाले चरण क्षेत्रका लागि लेक तथा उच्च हिमाली भेगमा पुर्‍याएका भेडाका बथान यतिबेला बैंसी आइपुगेका हुन् ।

जिल्लामा साना ठूला गरेर तीन सयभन्दा बढी घुम्ती भेडीगोठ रहेको भन्दै ती भेडीगोठका भेडा लेकबाट बैंसी आइपुगेका भेटिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लमजुङका निमित्त कार्यालय प्रमुख डा सुनिल न्यौपानेले बताउनुभयो । उहाँका अनुसार सिउरुङ, घलेगाउँ, भुजुङ, पसगाउँ, सिङ्दी, घनपोखरा, इलमपोखरी, दूधपोखरी, पाचोक, बन्सार, फलेनी, ढोडेनी, ताघ्रिङ, भुलभुलेलगायत ग्रामीण क्षेत्रमा भेडीगोठ छन् ।

ती भेडीगोठका बथान यतिबेला बैंसीका खेत तथा गर्हरामा रहेका छन् । घलेगाउँको भेडीगोठ लेकबाट झरेर गाउँमै आइपुगेको स्थानीय दीर्घराज घलेले बताउनुभयो । उहाँले घलेगाउँमा दुई भेडीगोठ रहेको जनाउँदै दुईवटै गाउँमा आइपुगेका जानकारी दिनुभयो । उहाँका अनुसार दुई भेडीगोठमा एक हजार बढी भेडाबाख्राका बथान रहेका छन् । हिमालको काखमै रहेको ठूले लेकमा पुगेर फर्किएको र अब गर्मीयाम सुरु भएपछि मात्र उक्त स्थानतर्फ पुनः भेडीगोठ लैजाने भेडीगोठाला कमल अधिकारीले बताउनुभयो । बैंसीमा झारिएका भेडाबाख्राका बथानको मल यहाँका खेतबारीमा प्रयोग हुने उहाँको भनाइ थियो । त्यस्तै कास्कीको सिमानाडाँडा तिङ्जेमा रहेको पसगाउँको भेडीगोठ यतिबेला केही क्युबे-ल्हेदे हुँदै भेडीगोठ पस गाउँमै आइपुगेको छ । जिल्लाको उत्तरी ताघ्रिङका भेडीगोठ यसअघि थुर्जुलेक पुगेकामा अहिले ठूलागी हुँदै गाउँसम्मै आइपुगको बताइएको छ । विषेश गरी गुरुङ समुदायको पूर्खौंली चलन तथा पेसाका रूपमा भेडीगोठलाई लिइन्छ । भेडीगोठ बर्सेनि छ महिना लेक र छ महिना बैंसीमा राख्ने गर्दछन् । लमजुङका भेडीगोठ लमजुङ, मनाङ र कास्कीको सिमाना दूधपोखरी नजिकै थुर्जु तथा लमजुङ हिमालको काख लगायतका ठाउँसम्म पुग्ने गरेको भेडी गोठालाको भनाइ थियो । पसगाउँको भेडीगोठ लमजुङ र कास्कीको सिमानाडाँडा तिङ्जेमा पुग्ने गर्दछन् । उत्तरी लमजुङको ताघ्रिङका बासिन्दाको भेडीगोठ लके थुर्जु पुग्ने गरेका छन् । बैंसीमा रहेको बेलामा भेडीगोठबाट निस्किएको मल खेतबारीमा प्रयोग गर्ने गर्दछ भने, भेडाको ऊन निकालेर विभिन्न राडीपाखी, बख्खुलगायत सामग्री बनाउने गरिन्छ । जिल्लाभर २३ हजार भेडाबाख्रा रहेका भेटिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ । वार्षिक १० हजार केजी ऊन निस्कने र ऊनको प्रतिकेजी रू तीन सय मूल्य पर्ने गर्दछ ।

वार्षिक एक सय ६० मेट्रिक टन भेडाको मासु उत्पादन हुने केन्द्रका प्रमुख डा न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार मासु बिक्रीबाट रू आठ करोड आम्दानी हुने गरेको छ । वार्षिक घुम्ती भेडीगोठमा रहेका बाख्राको मासु एक सय २० मेट्रिक टन तथा घुम्ती र घरमा पालिएका बाख्रा गरी वार्षिक एक हजार दुई सय मेट्रिक टन मासु उत्पादन हुँदा रू ६० करोड आम्दानी हुँदै आएको उहाँले जानकारी दिनुभयो ।

जिल्लामा यतिका सङ्ख्यामा आम्दानी हुँदै आए तापनि पछिल्लो पुस्ताको बेवास्ता हुँदा परम्परागत रूपमा रहेको भेडीगोठ नै लोपहुने अवस्थामा पुग्न थालेको छ । जिल्लामा रहेको अधिकांश गुरुङ बस्तीका समुदायमा अझै पनि भेडाको ऊनबाट विभिन्न सामग्री बनाएर बिक्री वितरण गर्ने तथा प्रयोग गर्ने प्रचलन कायम छ ।

# पाँचकिलोमिटर दौडमा कार्की र बराल प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १० पुस



पृथ्वीनारायण क्याम्पसमा आयोजित पाँच किलोमिटर दौडमा छात्रतर्फ दक्ष कार्की र छात्रातर्फ संगीता बराल प्रथम भएका छन् ।

क्याम्पसले आयोजना गरेको अन्तर संकाय खेलकुद प्रतियोगितामा २७ छात्र र १९ छात्रा सहभागि थिए । क्याम्पस विद्यार्थी कल्याणका प्रमुख तथा कार्यक्रम संयोजक बोधराज ढकालका अनुसार छात्रतर्फ सरोज थापामगर द्वितीय र उमेश गुरुङ तृतीय भए । त्यस्तै छात्रातर्फ समीक्षा पोखेल द्वितीय र तृष्णा सुवेदी तृतीय भएका छन् । क्याम्पसको आयोजना तथा विद्यार्थी कल्याण तथा खेलकुद शाखाको संयोजनमा भएको अन्तर संकाय खेलकुद प्रतियोगितामा मंगलबार सुरु भएको हो । प्रतियोगिताका अन्य खेलहरु आगामि शनिबारसम्म संचालन हुनेछन् । प्रतियोगितामा क्रिकेट, भलिवल, फुटबल, टेवलटेनिस र बास्केटलबलका खेलहरु हुनेछन् । कार्यक्रमको गण्डकी बोर्डिङ स्कुलका पूर्व प्राचार्य तथा नेपाल स्काउटका पूर्व महासचिव हेरम्बप्रसाद कोइरालाले उद्घाटन गरेका थिए । क्याम्पस प्रमुख प्राडा सरोज कोइराला, प्रमुख अतिथि लगायतले खेलाडीलाई पुरस्कार प्रदान गरेका थिए ।

# बगर सम्माएर खेलमैदान

पोखरापत्र संवाददाता
म्याग्दी, १० पुस

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरमा बगर सम्माएर खेलमैदान निर्माण गरिएको छ । गत कात्तिकमा दसैंको अवसरमा आयोजित मेलाबाट बचत भएको रकमले कालीगण्डकी नदी किनारको बगर सम्माएर खेलमैदान बनाइएको हो ।

कालीगण्डकी युवा क्लब पोखरेबगरका अध्यक्ष रामकृष्ण खड्काले रू आठ लाख पचास हजार खर्च गरेर खेलमैदान तयार पारिएको जानकारी दिनुभयो । "पोखरेबगरवासीको भेलाको निर्णय अनुसार कालीगण्डकी किनारको उपभोगविहीन सार्वजनिक जमिनमा करिब २० दिनमा खेलमैदान तयार पारेका छौँ," उहाँले भन्नुभयो, "योसँगै खेलकुद प्रतियोगिता सञ्चालन गर्न र खेलाडीलाई अभ्यास गर्न सहज भएको छ ।" एक सय १२ मिटर लम्बाइ र ४० मिटर चौडाइ भएको खेलमैदानमा सेभेन 'ए' साइड फुटबल, भलिबल, बाँस्केटबल, क्रिकेट, ब्याडमिन्टन, एथलेटिक्स खेल सञ्चालन गर्न सकिने अध्यक्ष खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार डोजर लगाएर सम्माइएको खेलमैदानको सतहमा माटो राखिएको छ भने स्टेजका लागि पर्खाल निर्माण गरिएको छ । उक्त खेलमैदानमा पुस ७ गतेदेखि सुरु भएको पालिकास्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सोमबार सकिएको छ । खेलमैदान नहुँदा यसअघि पोखरेबगर आधारभूत विद्यालय परिसरमा खेलकुद प्रतियोगिता तथा अभ्यास हुने गरेको थियो । खेलकुद गतिविधिका कारण विद्यालयको पठनपाठनमा असर पुगेको थियो । पोखरेबगर अन्नपूर्ण गाउँपालिकाको केन्द्र हो । तीव्र रूपमा बस्ती विस्तार भएको पोखरेबगरको अन्य ठाउँमा सार्वजनिक जग्गा नहुँदा खेलमैदान निर्माण हुनसकेको थिएन् । खेलमैदान निर्माण भएको बगरको कालीगण्डकी किनारमा यसअघि ग्याबिन पर्खाल बनाएर तटबन्ध गरिएको थियो । खेलमैदानको छेउमा निर्माणाधीन सार्वजनिक शौचालयलाई पनि पूर्णता दिइएको अध्यक्ष खड्काले बताउनुभयो ।

खेलमैदान बनेपछि सार्वजनिक जग्गाको संरक्षण भएको छ । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले युवा क्लबको नेतृत्वमा मेलाबाट बचत भएको रकम परिचालन गरेर छोटो समयमा खेलमैदान तयार गरेर उदाहरणीय काम गरेको बताउनुभयो ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

एस.राज ल्याङ्गवेज इन्स्टिच्युट प्रा.लि.को २०८०/०९/०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८०/८१, च.नं.२९३३८, मिति २०८०/०९/०२ को पत्र अनुसारको निर्णयबाट साविकको एस.राज ल्याङ्गवेज इन्स्टिच्युट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम एस.राज ल्याङ्गवेज इन्स्टिच्युट प्रा.लि. कम्पनीले सकार्ने व्यहोर्ने गरी साबिकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम एस.राज ल्याङ्गवेज इन्स्टिच्युट प्रा.लि. (S.Raj Language Institute Pvt Ltd) कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# २० औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १० पुस

नेपाल सरकारका यूवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्वुले खेलकुद क्षेत्रमा सरकारको लगानीमा रहेका धेरै पूर्वाधारहरु अधुरो रहेको जनाएका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरामा मंगलबारबाट सुरु भएको “२० औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता २०८० ” को उद्घाटनको क्रममा सो कुरा बताएका हुन् । उनले भने-“म अहिले ४० जिल्लाको भ्रमणबाट फर्किएको छु । ति जिल्लाका खेल पूर्वाधारहरु निर्माण सम्पन्न नहुँदा खण्डहर बन्दै गएका छन् । सरकारको लगानी बालुवामा पानी जस्तै भएको छ । यो चिन्ताजनक विषय हो ।” सरकारले खेल पूर्वाधार हरुको निर्माणका लागि संघिय, स्थानिय, प्रदेश सरकार र निजी क्षेत्रको सहभागितामा प्रतिफल दिने गरी काम अघि बढाउने गरि आफूले समन्वय गरिरहेको बताए ।

संघिय सरकारले मात्रै देशभर रहेका खेल पूर्वाधारहरुको संरक्षण गर्न नसक्ने जनाउँदै मन्त्री लिम्वुले संघिय, प्रदेश र स्थानिय सरकारले कुन र कस्ता पूर्वाधारहरु कुन-कुन हुन सक्छन् , कुन तहले कुन खेल मैदानको जिम्मेवारी लिने त्यसको पहिचान गर्न राष्ट्रिय खेलकुद परिषदलाई अध्ययनका लागि निर्देशन दिएको उनले बताए । उनले भने-“सबैले जिम्मेवारीपूर्वक जवाफदेही ढङ्गबाट सुझाव दिन र प्रयाप्त मात्रामा खेल प्रशिक्षणस्थलहरुको निर्माण गरी तिनै तहको सरकारका विच समन्वय गर्ने गरि मन्त्रालय योजनावद्ध रुपमा अघि बढेको छ।” खेलाडीले भोगेका कठिनाईहरुलाई कम गर्दै लैजाने विषयमा समेत मन्त्रालयले गृहकार्य गरिरहेको जनाउँदै मन्त्री लिम्वुले भने-“अव जति खेलाडीहरुले समस्या भोग्नु भएको छ यहाँहरुले पाउनु पर्ने सेवा सुविधाका बारेमा नितिगत सुधार गर्दै सहजरुपमा सेवा सुविधा र पुरस्कारका रकम प्राप्त गर्न वातावरण बनिसेकेको छ। अव यहाँहरु उच्च मनोबलका साथ खेल्न आग्रह गर्छु।” खेलाडीहरुले खेलको माध्यमबाट संसारलाई जित्न सक्छौं भन्ने सन्देश दिइसकेको जनाउँदै त्यसका लागि खेलाडीहरुलाई प्रयाप्त सुविधा र अवसरहरुको खोजीका लागि मन्त्रालय प्रयत्नशिल रहेको उनको भनाई थियो । पोखरा पर्यटन क्षेत्र पनि भएकोले पनि अन्तर्राष्ट्रिय संगको सम्वन्ध बलियो रहेको जनाउँदै निजी क्षेत्रले खेलकुद क्षेत्रमा गरेको सञ्हानिय रहेको बताए ।



कास्की टेनिस संघका अध्यक्ष लोक बहादुर गुरुङको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रतियोगिताका संयोजक नविन चालिसेले कास्की टेनिसले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादन र टेनिस खेलको विकासमा उत्तिकै महत्वपूर्ण योगदान भइरहँदा समेत राज्यको ध्यान यस तर्फ नपुग्दा समस्या आएको उल्लेख गरे । उनले भने-“निजी क्षेत्रले कास्की टेनिसमा उल्लेख्य लगानी गरेको छ । त्यो राज्यका तर्फबाट हुन सकेको छैन । यसमा सहकार्यका लागि म आग्रह गर्दछु ।” सो अबसरमा गोरखा नेप्लिज टेनिस क्लब युकेका अध्यक्ष हर्कबहादुर गुरुङ, कास्की टेनिसका सचिव नविन श्रेष्ठले समेत आफ्ना भनाई राखेका थिए । यहि पौष १० गतेबाट १५ गते सम्म पोखरा रंगशालाको टेनिस कोर्टमा सञ्चालन हुने प्रतियोगितामा महिला तर्फ १३ र पुरुषतर्फ २०३ गरी २१६ जना खेलाडीहरुको सहभागिता रहेको छ ।

प्रतियोगितामा भारत, यूके र बंगालादेशका खेलाडी समेतको सहभागिता रहने उपाध्यक्ष चालिसेले जानकारी दिए । उनले भने-“यो माछापुच्छ्रे टेनिस खेलको इतिहासमा नै सर्वाधिक सहभागिता हो । यसले खेलकुदमार्फत पोखराको पर्यटन प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं ।” प्रतियोगिता अन्तर्गत मेन्स तथा उमेन्सका सिंगल्स र डबल्स तथा ३५, ४५, ५५, ६५ वर्ष माथी गरी विभिन्न उमेर सुमहमा १२ इभेन्टमा प्रतिस्पर्धा हुने भएको छ । प्रतियोगितामा ओपन मेन्स तथा उमेन्स सिंगल्सतर्फका बिजेताले जनही नगद ८० हजार र उपविजेताले नगद ४० हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यसै गरी सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजक कास्की टेनिसले जनाएको छ । प्रतियोगितामा मेन्स तथा उमेन्स डबल्सतर्फ बिजेताले नगद ३० हजार, उपविजेताले १५ हजारसहित ट्रफी र सेमीफाइनालिष्टले नगद १० हजार नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । ३५ वर्ष माथी भेट्रान्स सिंगल्सतर्फको बिजेताले नगद ६० हजार, उपविजेताले ३० हजार सहित ट्रफी तथा मेडल प्राप्त गर्नेछन् भने सेमीफाइनालिष्टले नगद १० हजार सहित पदक प्राप्त गर्ने र डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार सहित ट्रफी संगै सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । ४५ वर्ष भन्दा माथीको सिंगल्स विजेताले नगद ४० हजार, उपविजेताले २० हजार र सेमीफाइनालिष्ट नगद १० हजारका साथमा ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने छ । त्यस्तै सोही स्पर्धाको डबल्सतर्फ विजेताले नगद २० हजार, उपविजेताले नगद १० हजार तथा सेमीफाइनालिष्टले नगद १० हजार सहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । प्रतियोगिता अन्तर्गत नै हुने ५५ वर्ष माथीको सिंगल्सतर्फको विजेताले नगद ३० हजार, उपविजेताले १५ हजार, सेमीफाइनालिष्टले जनही नगद १० हजार प्राप्त गर्ने आयोजकले जनाएको छ । त्यस्तै डबल्सतर्फको बिजेताले २० हजार, उपविजेताले नगद १० हजार र सेमीफाइनालिष्टले जनही नगद १० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगितामा ६५ वर्ष माथीको सिंगल्सतर्फ बिजेताले नगद १५ हजार, उपविजेताले नगद ७ हजार ५ सय तथा सेमीफाइनालिष्टले जनही नगद २ हजार ५ सयसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# नागरिक डेण्टलको कालिका बहुमुखीमा नि:शुल्क दन्त शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १० पुस

कालिका बहुमुखी क्याम्पस काजीपोखरीको वार्षिक उत्सवको अवसरमा निःशुल्क दन्त परिक्षण तथा परामर्श कार्यक्रम हालै सम्पन्न भयो ।

क्याम्पसको प्राङ्गण भएको परिक्षण कार्यक्रम नागरिक डेण्टल क्लिनिक एण्ड अर्थोडोन्टिक सेण्टरको प्राविधिक सहयोगमा संचालन भएको हो । दश जोड दुईमा अध्यनरत विद्यार्थी, अभिभावक र शिक्षक गरी एक सय पाँच जनाको शिविरमा सहभागी रहेका थिए । शिविरमा दन्त परामर्श दिनुको साथै प्लोराइड युक्त दन्त मञ्जन र ब्रस वितरण गरियो। धेरै जसो विद्यार्थीहरुको दन्तमा सरसफाईमा ध्यान कम देखिएकोले उनीहरुलाई सचेतना मुलक कार्यक्रम प्रदान गर्न जरुरी रहेको डा प्रकृति काफ्लेले वताउनु भयो। शिविरमा देखीएको दन्त समस्याको उपयुक्त समयमा उपचार नगराएमा जटिल ससस्या आउने गिजा रोग विशेषज्ञ डा कृपा शाहीले भन्नु भयो ।




शिविरमा देखीएका दन्त समस्या भएका व्यक्तिहरुले तुरुन्त चिकित्सककोमा गएर उपचार गराउन डा. शाहीले अनुरोध गर्नुभयो । शिविरमा डेण्टल हाइजिनिष्ट मनिषा जिसी र रचना वराललको सक्रिय सहभागीता रहेको थियो ।

# ‘ख्रीष्टमश महोत्सव - २०८०’ भव्य सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १० पुस

ख्रीष्टमश महोत्सव - २०८० भव्य रूपमा सम्पन्न भएको छ । पोखरा, ९ नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा आयोजित महोत्सवमापोखराभरिकाचर्चबाट ख्रीष्टीयनहरूको उपस्थिति रहेको थियो ।

महोत्सव आयोजकले आपसी सद्भाव र शुभकामना बाँड्न आयोजना गरिएको बताएको छ । कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री तथा एमाले संसदीय दलका नेता खगराज अधिकारीले शुभकामना मन्तव्य दिँदै सबै धर्मलाई सम्मान गर्नुपर्ने बताए । कसैले पनि अर्को धर्मलाई खलल पुऱ्याउन नहुने उनको भनाइ थियो । ‘आफ्नो धर्म मानिरहँदा कसैले अर्को धर्मलाई खलल पुऱ्याउनु हुँदैन । सबैले समान रूपले धर्म मान्न पाउनुपर्छ,’ उनले भने ।

अधिकारीले नेपाल सरकार र गण्डकी प्रदेश सरकारको तर्फबाट ख्रीष्टमशको शुभकामना दिएका थिए । यस्तै, नयाँ गाउँ चर्चका पास्टर ग्रीश्मकेशव पराजुलीले ख्रीष्टमश सन्देश बाचन गरेका थिए । पोखरेली ख्रीष्टीयन समुदायका महासचिव तथा महोत्सव संयोजक सञ्जिव थापा मगरको संयोजकत्वमा सम्पन्न कार्यक्रममा कास्की ३ का प्रतिनिधि सभा सदस्य मानबहादुर गुरुङ, गण्डी प्रदेश सभा सदस्य भीम कार्की, नन्दकला नेपाली, राजकुमारी भुजेल, गणेशमान गुरुङको उपस्थिति थियो ।




गैह्र सरकारी महासंघ कास्कीका अध्यक्ष डाक्टर बुद्धिबहादुर थापा, नेपाल ख्रीष्टीयमन समाजका महासचिव डिल्लिराम पौडेल लगायत ख्रीष्टीयन समुदाय र शुभेच्छुकको उल्लेख्य उपस्थिति रहेको थियो ।

# यस वर्षको लेखनाथ पत्रकारिता पुरस्कार परियारलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १० पुस

लेखनाथ पत्रकार मञ्चद्वारा स्थापित लेखनाथ पत्रकारिता पुरस्कारबाट यस वर्ष कान्तिपूर राष्ट्रिय दैनिकका पोखरा संवाददाता दीपक परियारलाई सम्मान गरिने भएको छ ।

समाचार सम्प्रेषणका माध्यमबाट समग्र लेखनाथ क्षेत्रको उन्नयनमा योगदान पुऱ्याएका सञ्चारकर्मीबाट प्रत्येक वर्ष एकजनालाई ११ हजार १ सय ११ रुपैयाँ नगद र सम्मानपत्रबाट सम्मान गदै आएकोमा यस वर्ष परियारलाई उक्त पुरस्कार प्रदान गर्न लागिएको हो । मञ्चका अध्यक्ष कविराज खनाल, सचिव विष्णुहरि पौडेल, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठ, पूर्व पुरस्कृत व्यक्तिहरु मध्येबाट बासुदेव पौडेल र संस्थापक अध्यक्ष भीमपाणि



बराल रहेको छनौट समितिले यस वर्ष उनलाई पुरस्कारका लागि छनौट गरेको हो ।

डेढ दशकअघि जनदिशा राष्ट्रिय दैनिकबाट आफ्नो पत्रकारिता यात्रा थालनी गरेका परियारले त्यस यता गोरखापत्र दैनिकको लेखनाथ संवादाता, गण्डकी खबर दैनिकको कार्यकारी सम्पादक, समाधान दैनिक, नेपाल खबर डटकम र अन्नपूर्ण पोस्ट दैनिकमा संवाददाताको रुपमा काम गरिसकेका छन् । विगत सात वर्षदेखि कान्तिपुर दैनिकमा आवद्ध उनी देशभरबाट उत्कृष्ट संवाददाताको रुपमा समेत पुरस्कृत भइसकेका छन् । उनले सामाजिक न्याय, सुशासन, मानवअधिकार, पर्यटन, वातावरण, कला, साहित्य, खेलकुद लगायत विषयमा कलम चलाउँदै आएका छन् । पत्रकार महासंघ कास्कीको दुई कार्यकाल सदस्य र एक कार्यकाल सहसचिवका रुपमा जिम्मेवारी सम्हालेका उनी हाल राष्ट्रिय दलित पत्रकार संघका केन्द्रीय उपाध्यक्ष समेत हुन् । उनी यसअघि युवा तथा खेलकुद मन्त्रालयबाट खेल पत्रकारिता पुरस्कार, खेलकुद पत्रकार मञ्च गण्डकीबाट उत्कृष्ट खेल पत्रकार अवार्ड, सहारा खेल पत्रकारिता पुरस्कार बाबा-आनन्द सञ्चार पुरस्कार, मीना गुरुङ सिर्जनशील पत्रकारिता पुरस्कार, सुनास सुशासन पुरस्कार लगायतबाट सम्मानित भइसकेका छन् । २०६४देखि पत्रकारितामा निरन्तर सक्रिय उनले लेखनाथका विकास निर्माण, यहाँका साहित्यिक पर्यटनका विविध पक्षका साथै तालैतालको सहरका रुपमा लेखनाथ क्षेत्रलाई चिनाउँदै लेखनाथ क्षेत्रका समाचार प्राथमिकताका साथ सम्प्रेषण गदै आएका छन् । वि सं. २०७३ सालदेखि निरन्तर रुपमा ११ हजार एक सय ११ रुपैयाँ राशिको यो पुरस्कार यस अघि मेघराज आचार्य, रामप्रसाद तिमिल्सेना, बसन्तराज अधिकारी, वासुदेव पौडेल, परशुराम शर्मा, भीमपाणि बराल र सरिता तिमिल्सेनाले प्राप्त गरिसकेका छन् । यस वर्षको लेखनाथ पत्रकारिता पुरस्कार पुस १५ गते कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मजयन्तीको मुल समारोह अर्घौ अर्चलेमा प्रदान गर्ने कार्यक्रम रहेको छ ।

# फुटबलर स्व. गुरुङको स्मृतिमा ह्विलचियर र दृष्टिविहिन दौडको प्रथम पुरस्कार प्रायोजन

**पोखरापत्र संवाददाता**
पोखरा, १० पुस

नेपालका पूर्व राष्ट्रिय खेलाडी स्व. गंगाबहादुर गुरुङको स्मृतिमा उनको परिवारले पोखरा म्याराथनको ह्विलचियर र दृष्टिविहिन दौडको प्रथम पुरस्कार प्रायोजन गर्ने भएका छन् ।

तत्कालीन पश्चिमाञ्चल विकास क्षेत्र फुटबल टिमका कप्तान तथा नेपाल भूतपूर्व खेलाडी मञ्चका आजीवन सदस्य समेत रहेका स्व. गुरुङका छोरा देवान गुरुङले आगामी पाँच वर्षसम्म दुई विधामा प्रथम पुरस्कार प्रायोजन गरेका हुन । आफ्ना बुबा खेलाडीसँगै सामाजिक व्यक्तित्व रहेको र आफुहरुलाई समेत सामाजिक कार्यमा संलग्न हुन बारम्बार प्रेरित गरेको सुनाउँदै मञ्चसँग जोडिन पाउँदा खुसी लागेको धारणा व्यक्त गरे । मंगलबार मञ्चको कार्यालयमा मञ्चका पदाधिकारी र स्व. गुरुङका छोरा देवान गुरुङबिचमा पाँच वर्षका लागि पुरस्कार प्रायोजन सम्झौता भएको हो । देवानले आफुलाई अपांगता भएका व्यक्तिलाई सहयोग गर्न मन पर्ने बताउँदै उनीहरुमा शाहस ल्याउनका लागि बुबाको नाममा सहयोग गर्न लागेको सुनाए ।

‘बुबालाई हामीले मात्र नभई यो संस्थाले समेत सम्झि राखेको पाउँदै खुसी छु । यो संस्थाले राम्रो गर्नुभएको रहेछ ।



म पनि खेल प्रति चासो राख्ने गर्दछु र मलाई अपांगता भएका व्यक्तिहरुलाई सहयोग गन निकै मन पर्छ’ उनले भने, ‘नसक्नेहरु पनि रमाइलो गरोस् भन्ने चाहान्छु । मेरो लक्ष्य बुबाको नाममा केही गर्छु भन्नेछ र म पाँच वर्षका लागि ह्विचियर र दृष्टिविहिन दौडको प्रथम पुरस्कार दिन चाहान्छु ।’ उनले मञ्चको आजिवन सदस्य समेत लिएका छन् । देवान क्योकुसिन कान कराते खेलाडी समेत हुन् । मञ्चका अध्यक्ष हरिपराजुलीले अग्रज खेलाडीहरुले स्थापना गरेको संस्थाले उचाइ छुदैंगर्दा स्व. गंगा गुरुङको समेत योगदान रहेको सुनाए । उनले आजिवन सदस्यहरुका परिवारलाई समेत मञ्चले जोड्ने चाहाना रहेको र थप व्यवस्थित बनाउँदै लै जाने प्रतिबद्धता व्यक्त गरे । उनले स्व. गुरुङको भिजन र खेल तथा संस्थाप्रतिको योगदानको कदर गदै उनको स्मृतिमा पुरस्कार प्रायोजन गरेकोमा धन्यवाद दिए ।

मञ्चका निवर्तमान अध्यक्ष तथा सफल पोखरा म्याराथनका अन्तर्राष्ट्रिय समन्वय संयोजक तेज गुरुङले संस्थाको बारेमा जानकारी दिदैं संस्था बनाउने अग्रजका परिवारहरु यसबाट टाढा रहन नसक्ने बताए । उनले संस्था पूर्व खेलाडीहरुको साझा घर भएकाले यसको प्रतिष्ठासँग सबै जोडिने सुनाए । मञ्चका द्धितीय उपाध्यक्ष खेम बहादुर गुरुङ र संस्थाका आजिवन सदस्य कमल गुरुङको समेत उपस्थिति रहेको थियो । मञ्चले फागुन पाँच गते १८ औं संस्करणको सफल पोखरा अन्तर र्राष्ट्रिय म्याराथनको आयोजना गदै छ । म्याराथनमा १२ वटा इभेन्टहरु हुनेछन् ।

# सातौँ बागलुङ महोत्सव हुँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, १० पुस

बागलुङ उद्योग वाणिज्य सङ्घले चार वर्षपछि गर्न थालेको सातौँ बागलुङ महोत्सवको तयारी पूरा भएको छ ।

यही पुस ११ देखि २१ गतेसम्म आयोजना हुने बागलुङ महोत्सव-२०८० को तयारीलाई अन्तिमरुप दिइएको छ । यसअघि २०७६ सालमा महोत्सव आयोजना गरिएको थियो विगतका वर्षमा गरिएका महोत्सवले बागलुङ बजारको व्यापार फष्टाउँदै आएको थियो। कोरोना कहरपछि सुस्ताएको व्यापार बढाउन बागलुङ महोत्सव फलदायी हुने बताउँदै तयारी अन्तिम चरणमा पुगेको बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले बताउनुभयो। “मुख्य मञ्च, स्टल, रमाइलो मेलालगायतको काम सकिएको छ, बागलुङ बजार क्रमशः सिँगारिदै छ”, कँडेलले भन्नुभयो, “राष्ट्रपति रामचन्द्र पौडेल आउने भएपछि विशेष तयारी भएको छ, मेलामा आउन सबैलाई निम्ता गर्दछु ।” महोत्सवलाई गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेलास्तरमा विकास गर्न लागिएको बताउँदै कँडेलले महोत्सवमा स्थानीय उत्पादनको छुट्टै स्टल राखिने बताउनुभयो । बागलुङका स्थानीय उत्पादन सुन्तला, गुन्द्रुक, भाँगो र सिस्नोको पाउडरको प्रवर्द्धन गरिने बताउनुभयो । महोत्सवले पर्यटन प्रवर्द्धन र स्थानीय उत्पादनलाई बजारीकरण गर्नका लागि टेवा पुऱ्याउने अध्यक्ष कँडेलले बताउनुभयो । महोत्सवमा एक सय २० भन्दा बढी स्टल रहने बताउँदै कँडेलले सामाजिक उत्तदायित्वसहितको महोत्सव गर्न थालिएको बताउनुभयो। महोत्सवको करिब सात लाख दर्शकले अवलोकन गर्ने र रु १० करोडको आर्थिक कारोबार हुने कँडेलले बताउनुभयो ।